लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

प्रदेश नं. १, नेपाल


सूचना नं.:- ८१-०७७/७८ मिति:- २०७८/०२/०७

## कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी सार्वजनिक सूचना !

नँया भेरीएन्ट सहितको कोभिड १९ को संक्रमण तिव्र गतिले दिनप्रति दिन बढ्दै गईरहेको बिषम परिस्थितिमा क्वारेन्टीन व्यवस्थापन, कोरोना पोजेटिभ बिरामिको प्राथमिक उपचारका लागि आवश्यक औषधि सहितको स्वास्थ्यकर्मीको टोलि घर-घरमा गएर सेवा उपलब्ध गराईरहेको अवस्था छ। माहामारीको रोकथाम तथा आवश्यक व्यवस्थापनका लागि स्थानीय सरकार प्रयासरत छ। पछिल्लो समयमा बढ्दो संक्रमणसँगै कोरोना पोजेटिभ बिरामिको संख्या तथा लक्षणिक (Symptomatic) बिरामिको संख्या पनि बढ्दो क्रममा छ। सोहि परिस्थितिलाई मध्यनजर गर्दै गाउँपालिकाबाट देहाय बमोजिमको कार्यहरु गरिरहेको जानकारी गराईन्छ।

➢ **हेल्थ डेस्क सञ्चालनः**

- साँघुटार र सिरिसे नाकामा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको टोली सहितको हेल्थ डेस्क स्थापना गरि सञ्चालनमा रहेको।
- हेल्थ डेस्कबाट गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुको विस्तृत अभिलेख राखि सो बमोजिम आवश्यक कार्य गरिरहेको।
- गाउँपालिका प्रवेश गर्ने व्यक्तिहरुलाई १४ दिन सम्म होम क्वारेनटिनमा बस्न प्रेरित गरिएको।

➢ **स्वास्थ्य सुरक्षा सामग्रीको आपूर्तिः**

- अत्यावश्यक स्वास्थ्य सुरक्षा सामग्रीहरु (मास्क, स्यानिटाईजर, फेस शिल्ड, ग्लोभ्स, भी.टी.एम., एन्टीजेन कीट) आवश्यक मात्रामा खरिद गरिएको तथा स्वास्थ्य संस्था, वडा कार्यालय, खोप केन्द्र, गाउँघर क्लिनिक, विद्यालय, बैंक, सुरक्षा निकाय लगायतका कार्यालयहरुमा स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिकाको कार्यालय मार्फत् उपलब्ध गराईएको।

➢ **प्रचार प्रसारः**

- प्रचार प्रसारका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा म.स्वा.से. तथा सुरक्षाकर्मी परिचालन गरिएको।
- प्रत्येक वडामा कोभिड १९ महामारी नियन्त्रण सम्बन्धी माईकिङ्ग गराईएको।
- काठमाडौं तथा विदेशबाट आएका वयक्तिलाई होम आईसोलेशनमा बस्न प्रेरित गरिएको।

➢ **सार्वजनिक सेवाः**

- विद्यालयमा भौतिक उपस्थितिमा गरिने सम्पूर्ण क्रियाकलाप बन्द गरिएको।
- जनस्वास्थ्यका मापदण्ड अपनाई कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा मात्र प्रवाह गरिएको।
- सेवाग्राहीका लागि मास्क, स्यानिटाईजर तथा हात धुने व्यवस्था अनिवार्य गरिएको।
- कार्यालय भित्र प्रवेश गर्ने व्यक्तिहरुको अभिलेख राखिएको।

➢ **शंकास्पद व्यक्तिको Screening तथा Testing:**

- जनप्रतिनिधि वा महिला स्वास्थ्य सव्यंसेविकाबाट शंकास्पद वस्ती तथा व्यक्ति पहिचान भए पछि तुरुन्त नजिकको स्वास्थ्यकर्मी परिचालन गरि विदेश वा बाहिरबाट आएको व्यत्तिहरुको विवरण, ज्वरो, रुघाखोकी, स्वाद तथा गन्ध थाहा नपाउने, स्वास फेर्न गाह्रो हुने लगायतका लक्षणको परीक्षण गरि PCR वा Antigen परीक्षणका लागि स्वास्थ्य संयोजकलाई सिफारिस गर्ने गरिएको।
- PCR वा Antigen परीक्षणको लागि स्वास्थ्य कार्यालय, ओखलढुंगामा समन्वय गरि सम्बन्धित टोलमै गई उक्त व्यक्तिहरुको नमूना संकलन गरि सम्बन्धित निकायमा पठाई परीक्षणको व्यवस्था मिलाईएको।

अभय कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

- उपरोक्त कार्यहरुका लागि स्वास्थ्य संस्थाहरुमा रहेका मेडिकल डाक्टर, ल्याब टेक्निसियन, स्वास्थ्य संयोजक, जनप्रतिनिधि, म.स्वा.से तथा सवारी चालकहरुलाई परिचालन गरिएको।
- मिति २०७८/०२/०४ सम्म जम्मा ३० जनाको PCR नमुना संकलन गरिएको जसमा २६ जनामा कोरोना संक्रमण पोजेटिभ केस देखिएको ।

➢ **रोकथाम तथा उपचार व्यवस्थापनः**

- कोरोना पोजेटिभ बिरामिहरुको लागि लक्षणिय औषधि वितरण तथा स्वास्थ्य अवशथा परीक्षण र आवश्यक सल्लाह सुझावको लागि स्वास्थ्यकर्मी घरघरमा खटाईएको।
- होम आईसोलेसनमा बस्न असहज हुने व्यक्तिहरुका लागि गाउँपालिकाद्वारा निर्मित बजार व्यवस्थापन भवनमा १० शैय्याको क्वारेनटिन व्यवस्थापन गरिएको।
- अक्सिजन सहित ५ शैय्या कोभिड १९ अस्थायी अस्पताल व्यवस्थित गरिएको।
- हाल सम्ममा जम्मा २१८ जना होम क्वारेनटिनमा बसेको।

➢ **अनुगमन तथा मूल्याङ्कनः-**

- म.स्वा.से., स्वास्थ्य संस्था प्रमुख, सुरक्षाकर्मी, जनप्रतिनिधि तथा स्वास्थ्य संयोजकको सञ्जाल तयार गरिएको जसले देहाय बमोजिम कार्य गर्ने गरेको:
  - म.स्वा.से. तथा जनप्रतिनिधिहरुले टोल टोलमा शंकास्पद व्यक्ति वा वस्ती पहिचान गरि नजिकको स्वास्थ्य संस्थामा खबर गर्ने।
  - स्वास्थ्यकर्मीले तुरुन्त सो वस्तीमा गई प्रोटोकोल अनुसार Screening गरि स्वास्थ्य संयोजकलाई खबर गर्ने गरिएको।
  - स्वास्थ्य संयोजकले नमूना संकलन तथा परिक्षणका लागि तुरुन्त आवश्यक व्यवस्थापन गर्ने गरिएको।
  - उपरोक्त कार्यका लागि स्वास्थ्य संयोजकले कम्तीमा हप्ताको दुई पटक स्वास्थ्य चौकी प्रमुखहरु संग, स्वास्थ्य चौकी प्रमुखले म.स्वा.से. संग कम्तीमा हप्ताको एक पटक फोन मार्फत् वस्तुस्थिति बुझ्ने र दोहोरो सञ्चार गर्ने गरिएको।
  - सुरक्षाकर्मी तथा अन्य सरोकारवाला व्यक्तिहरुले प्रेषित गरेको खबरलाई पनि उच्च प्राथमिकतामा राख्ने गरिएको।
  - स्वास्थ्य संयोजक, पालिका प्रहरी तथा सुरक्षाकर्मीको अनुगमन टोली बनाई वडा वडामा गई होम क्वारेन्टिनमा बसेको सम्बन्धमा अनुगमन गर्ने गरिएको।

➢ सूचना अधिकारीले सूचना संकलन तथा सम्प्रेषण सम्बन्धी कार्य गर्ने गरिएको।

➢ प्रमुख प्रशासकीय अधिकृतबाट अन्य स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, स्थानीय स्तरमा रहेका सुरक्षा निकाय तथा गाउँपालिका क्षेत्र भित्र हुने सम्पूर्ण क्रियाकलाप सम्बन्धमा समन्व्य गर्ने गरिएको।

➢ अध्यक्ष एवं उपाध्यक्षबाट आवश्यक अनुगमन गरि निर्देशन दिने गरिएको।

प्रमुख प्रशासकीय अधिकृत
(अभय कुमार गुप्ता)